# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# (Disaster Preparedness and Response Plan)
## कीर्तिपुर नगरपालिका, काठमाडौं
## बागमति प्रदेश, नेपाल
## २०८२




E

नगर विपद् व्यवस्थापन समिति
कीर्तिपुर नगरपालिका, काठमाडौं

कीर्तिपुर नगरपालिका
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२,
कीर्तिपुर, काठमाडौं

**दस्तावेज :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२

**(Disaster Preparedness and Response Plan 2082)**

**प्रकाशक :** कीर्तिपुर नगरपालिका, नगर विपद् व्यवस्थापन समिति, काठमाडौ

प्रकाशन मिति : २०८२

**प्राविधिक सहयोग** : असल छिमेकि नेपाल

**सहजिकरण :** नगर विपद् व्यवस्थापन समिति कीर्तिपुर,

**सर्वाधिकार :** प्रकाशकमा

**आर्थिक सहयोग** : वर्ल्डभिजन ईन्टरनेशनल नेपाल

मिति : २०८२ असार १० गते

**धन्यवाद ज्ञापन**

नेपाल प्राकृतिक विपद् तथा जलवायु परिवर्तको दृष्टिले अति जोखिम पुर्ण देश हो । बागमति प्रदेश, काठमाडौं जिल्ला अन्तर्गत काठमाडौं महानगरपालिकाको दक्षिणमा रहेको हाम्रो यस कीतिपुर नगरपालिका विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिमका हिसावले जोखिमयुक्त पालिका मध्यको एक हो । यस नगरपालिकामा रहेका प्रमुख प्रकोपहरुमा भूकम्प, आगलागि, असिना, सडक दुर्घटना, पहिरो, महामारी, बाढि तथा जनावर आतंङ्क रहेको तथा यी प्रकोपको कारणबाट हुने विपद्हरुलाई हेर्दा बाढी, पहिरो, आगलागि चट्याङ र हावाहुरी दोहोरिरहने तथा वर्षेनी आईरहने प्रकोपको रुपमा रहेका छन भने भुकम्प पनि मानवीय, भौतिक तथा आर्थिक क्षति गर्ने एकवटा प्रमुख प्रकोपका रुपमा देखापरेको छ । जुन २०७२ सालको भूकम्पले पनि देखाई सकेको छ ।

नेपालको संविधान, २०७२ को अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनपर्ने स्पष्ट छ । त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण ऐन, २०७४ (प्रथम संशोधन २०७५) ले राज्यका तीनैवटा तहको समन्वय र सहकार्यमा विपद् व्यवस्थापनका सबै क्रियाकलापहरुको प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्हरुबाट सर्वसाधारणको जीवन तथा सम्पतिको कम भन्दा कम क्षति पुचाउने हेतुले नीतिगत व्यवस्थाहरु गरी स्थानीय निकायहरुलाई बढि जिम्मेवार बनाईएको छ । विपद्जन्य परिस्थितिको सामाना गर्न प्रकोप पुर्वसुचना प्रणालीको विकास मार्फत सम्भाव्य,सबै प्रकारका प्रकोपको पुर्व सुचना दिने विपद् व्यवस्थापनका सबै चरणहरुमा समुदाय र विभिन्न क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरु संचालन गर्दै विपद् व्यवस्थापनको क्षेत्रमा विपद् पुर्व, विपद्का समयमा र विपद् पश्चात विषयगत क्षेत्रहरुको कार्य जिम्मेवारी अनुसार प्रारम्भिक द्रुत लेखाजोखामा एकरुपता कायम गर्ने, विपद्वाट पर्ने असरहरुलाई न्युनीकरण गर्न तथा विपद् जोखिम हस्तान्तरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्ने प्रणालीको समेत विकास गर्ने उद्देश्य सहित यस विपद पूवतयारी तथा प्रतिकार्य योजनाको निमार्ण गरिएको छ ।

यस योजना निर्माण प्रक्रियाको क्रममा सक्रिय रुपमा योगदान गर्ने कीर्तिपुर नगर कार्यपालिकाका सहभागीहरु, नगर विपद् व्यवस्थापन समितिका सदस्यहरु, विषयगत समितिका संयोजक तथा सदस्यहरु, वडा कार्यालयका प्रतिनिधिहरु, वडास्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, यस नगरपालिकामा कार्यरत गैर सरकारी संस्थाहरु, नीजि क्षेत्रका प्रतिनिधिहरु, पत्रकार, बुद्धिजीवि तथा अन्य सहभागिहरुलाई हार्दिक धन्यवाद सहित यस योजनामा लिपिवद्ध गरिएका विपद् व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्न पालिकाको तर्फवाट प्रतिवद्धता व्यक्त गर्दै यसको कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु । यो योजना तयार गर्न सहयोग गर्नुहुने असल छिमेकी नेपाल तथा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल लगायत यस योजना तयार गर्नेको लागि प्राविधिक सहयोग गर्ने परामर्शदाता प्रति हार्द्धिक आभार तथा धन्यवाद प्रकट गर्दछु ।

..............................

**कृष्णमान डंगोल**

नगर प्रमुख

कीर्तिपुर नगरपालिका, काठमाडौं, बागमति प्रदेश

## शुभकामना

नेपाल विपद्का दृष्टिले विश्वमा २० औं स्थानमा रहेको जोखिमयुक्त मुलुकहरु मध्यको एक हो । जलवायु परिवर्तन, दिन प्रति दिन थपिदै गई रहेको वातावरणीय चुनौती, विपद् असंवेदनशील विकास निमार्ण जस्ता विभिन्न कारणहरुले नेपालमा विपद् जोखिमहरु तीब्र रुपमा बढि रहेको छ । नेपाल भुकम्पीय जोखिमका हिसावले ११ औं स्थान, जलवायु परिवर्तनका हिसावले ४ थौं तथा बाढी पहिरोको कारणले ३० औं स्थानको जोखिम पर्दछ । त्यसैगरी, काठमाडौ उपत्यकालाई विशेष रुपमा विश्वको २१ औं अति संकटासन्न शहरको रुपमा मानिएको छ । यसको असरले कीर्तिपुर नगरपालिका पनि अछुटो रहेको छैन । बढ्दो जोखिमका घटनाहरु तथा यसका कारणहरुलाई गहन रुपमा विश्लेषण गरी जोखिम न्यूनीकरणका गतिविधिहरु सञ्चालन गर्न तत्पर रहने तथा कुनै पनि विपद्का घटनाहरु घटेको खण्डमा तत्काल उद्धार, राहत तथा पुनर्लाभका कार्यहरुमा संलग्न भई जनधन र सार्वजाकि, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको कम भन्दा कम क्षति पुचाउने लक्ष यस नगरपालिकाको पनि रहेको छ ।

नेपालको कमजोर जटिल र विविधतायुक्त भु-वनोट कमजोर भौतिक संरचना निर्माणले गर्दा वाढी, पहिरो, भुकम्प, आगलागि, चट्याङ, असिनापानी, खडेरी, लगायत वहुप्रकोप भएको देश हो । विपद् जोखिम व्यवस्थापनका ३ वटा चरणहरु हुन्छन् । पहिलो विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू, दोस्रो पुर्वनुमानमा आधारित पुर्वतयारी तथा तेश्रोमा विपद् पछिको आपत्कालीन प्रतिकायहरु जस्तै : उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निमाणका गतिविधिहरू, राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफलभन्दा विपद्पूर्व न्यूनीकरण र पूर्वतयारीका गतिविधिहरु संचालन गर्न सकिएमा विपद्पश्चात हुने असर ७ गुणाले कम हुन्छ भने मान्यता अध्ययनहरूले देखाएको छ । यसर्थ, विपद् उत्थानशील समाज निमार्णका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशीलताको सवालहरुलाई एकीकृत रुपमा मूलप्रवाहिकरण गर्न यस नगरपालिकाले पनि पहल लिन आवश्यक भईसकेको छ ।

यस परिप्रेक्ष्यमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ को उपदफा १ र २ मा स्थानीय विपद् व्यवस्थापन समितिको गठन तथा सोको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । त्यसैगरी, कीर्तिपुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथ व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा ३ को उपदफा १ र दफा ५ मा नगर विपद् व्यवस्थापन समितको गठन तथा सोको काम, कर्तव्य र अधिकार तोकिएको छ । स्थानीय ऐन अनुसार नै  दफा ६ उपदफा १ र दफा ७ मा वडास्तरीय विपद् व्यवस्थानको गठन र सोको काम, कर्तव्य र अधिकार तोकिएको छ । यही नीतिगत आधारहरुलाई अनुसरण गरी विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने गराउने पहल यस नगरपालिकाले पनि गरेको छ । यसै अनुरुप प्रत्येक वर्ष आईपर्न सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद्को सामाना गर्न खोज,उद्धार तथा राहतका कार्यहरुलाई व्यवस्थित गरी जनधनको क्षति न्युनीकरण गर्ने हेतुले नगरपालिका स्तरीय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८२ को निर्माण गरि कार्यान्वयनमा ल्याउने पहल गरिएको छ ।

यसर्थ, यस योजना निर्माणको क्रममा योगदान गर्नु हुने नगरपालिकाका पदाधिकारीहरु, विषयगत क्षेत्रका सदस्य तथा सम्पूर्ण सरोकारवाला निकायहरु लगायत यो योजना निर्माण कार्यमा सहयोग पुचाउनु हुने असल छिमेकी नेपाल/वर्ल्ड भिजन इन्टरनेशनल नेपाल लगायत प्राविधिक परामर्शदातालाई हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

अन्तमा, यो योजना सबैका लागि उपयोगी होस भन्ने शुभकामना व्यक्त गर्दछु ।

....................................

**शुभलक्ष्मी शाक्य (सुनिता)**
नगर उपप्रमुख
कीर्तिपुर नगरपालिका, काठमाडौं, बागमति प्रदेश

## शुभकामना

नेपालको संविधानको धारा १९६ को उपधारा (१) बमोजिम निर्माण भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार संचालन ऐन, २०७४ तथा विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ ले प्रत्योजन गरेको अधिकार क्षेत्र भित्र रहि विपद् जोखि व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यहरु गर्नु प्रत्येक पालिकाहरुको दायित्व रहेको छ । नेपाल सरकारले जारी गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन पहिलो संशोधन सहित २०७६ अनुसार विपद् संवेदनशील विकास योजनाहरु निमार्ण गरी विपद् उत्थानशील समुदायको निमार्ण गर्ने हेतुले यस कीर्तिपुर नगरपालिकाले पनि यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ निमार्ण गरी कार्यान्वय गर्ने पहल गरेको छ ।

कुनै पनि विपद्को घटनाको सृजना प्रकोप, संकटासन्नता र संमुखताको अन्तर्क्रियाबाट सिर्जना हुने यस्तो अवस्था हो जसको सामना गर्न व्यक्ति अथवा समुदायसंग हुदैन जसको प्रतिफल स्वरुप जनधनको क्षति हुन सक्दछ । कुनै पनि विपद्को घटनालाई पुर्णरुपले रोक्न सकिदैन तथापी यसको समयमा नै गरिएको पूर्वतयारी तथा प्रतिकार्य योजनाले यसको प्रभाव र क्षतीलाई न्यूनीकरण गर्न सकिने तथ्यहरु विभिन्न अध्ययन तथा समुदायमा भए गरेका असल अभ्यासहरुबाट हाम्रा सामु स्पष्ट भई सकेका छन । विपद् पूर्वतयारीमा गरेको १ रुपैयाँको लगानीले प्रतिकार्यमा लाग्ने ७ रुपैयाँ बच्ने तथ्य पनि हाम्रा सामु रहेको छ । यसै तथ्यलाई आत्मासाथ गरी यस कीर्तिपुर नगरपालिकाले पनि यस योजनाको कार्यान्वयन मार्फत सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी अनि आपत्कालीन प्रतिकार्यहरु जस्तै खोज तथा उद्धार, राहतका माध्यमबाट विपद्बाट प्रभावितहरुको जनधनको क्षति कम गर्न मदद्त पुग्ने छ भन्ने विश्वास लिएको छ ।

अन्तमा, यो विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण गर्ने क्रममा सहयोग पुचाउनु हुने नगरकार्यपालिकाका पदाधिकारीहरु, नगर विपद् व्यस्थापन समिति सदस्यहरु, विषयगत समितिका सदस्यहरु, वडा विपद् व्यवस्थापन समिति, नीजि क्षेत्र तथा सबैसरोकारवालाहरु लगायत प्राविधिक सहयोग गर्ने असल छिमेकी नेपाल/ वर्ल्ड भिजन इन्टरनेशनल नेपाल तथा परामर्श दाताहरु सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ । यो योजना सबैका लागि उपयोगी श्रोत बन्ने विश्वास सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

...................................
प्रमुख प्रशासकिय अधिकृत
कीर्तिपुर नगरपालिका, काठमाडौं, बागमति प्रदेश

## विषय सूची

### खण्ड १ परिचय

१. पृष्ठभूमि

१.१ नगरपालिकाको परिचय

१.२ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभुमी

१.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

१.४ योजना निमार्ण प्रक्रिया  विधि

१.५ योजना कार्यान्वयन रणनितिहरु

१.६ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

१.७ विपद्  पुर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता तथा औचित्य

खण्ड २ प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

२.१ कीर्तिपुर नगरपालिकाको रहेका प्रमुख प्रकोपहरु

२.२ विगतका विपदहरुको ईतिहास

२.३ सम्भाव प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

२.४ कानूनि तथा संस्थागत व्यवस्था

२.५ प्रमुख प्रकोपहरको  पहिचान तथा स्तरिकरण

२.६ बिपद् सकटासन्नता तथा क्षमता विश्लेषण

२.७ प्रकोप पात्रो ,मौषमी पात्रो, वालि तथा वनस्पती पात्रो

२.८ प्रकोप पुर्वानुमान तथा पुर्वसुचना प्रणाली विश्लेषण

२.९ सरोकारवाल संस्थाहरु

खण्ड ३ विषयगत क्षेत्र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

३.१ विषयगत क्षेत्रहरु तथा जिम्मेवारी निकाय

३.२ सामान्य पूर्वतयारी योजना

३.३ पुर्वानुमानमा आधारित पुर्वतयारी योजना

३.४ आपतकालिन प्रतिकार्य योजना

३.५ मानवीय सहयोग सम्वन्धि मापदण्ड

३.६ बन्दोवस्तिका सामाग्री आकंलन तथा आवश्यकता लेखाजोखा

बिबिध

७ अर्थिक स्रोत र उपलब्ध हुने बिधि

८ सहकार्य र समन्वय

९ अनुगमन मुल्याकन तथा सिकाई

१० विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन

११ विषगगत क्षेत्रको स्रोत साधनको अवस्था

अनुसूचीहरु

अनुसूचि १ नगर स्तरिय  विपद व्यवस्थापन समितिको विवरण

२ प्रारम्भिक द्रुत लेखाजोखा समिति

३ जिल्ला स्थित सरोकारवाला संस्थाहरुको सम्पर्क नम्वर

४ पालिका स्थित जनप्रतिनिधिको नामावली र सर्म्पक नं.

५ प्रारम्भिक द्रुत लेखाजोखा फाराम

## परिच्छेद १

## १) परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य

### १.१ कीर्तिपुर नगरपालिका परिचय :

कीर्तिपुर नगरपालिका बागमति प्रदेश अन्तर्गत काठमाडौं जिल्लामा पर्दछ । यो नगरपालिकाको उत्तरमा काठमाडौं महानगरपालिका, दक्षिणमा दक्षिणकाली नगरपालिका पूर्वमा वागमती नदी र ललितपुर महानगरपालिका, पश्चिममा चन्द्रागिरी नगरपालिका पर्दछ । कीर्तिपुर काठमाडौ उपत्यकामा रहेको शहरहरु मध्येको एक हो, जुन काठमाडौं देखि ५ कि.मी दक्षिण पश्चिम तथा १२८४ देखि १५२४ मीटरको उचाईमा रहेको छ। विश्वमान चित्रमा यस कीर्तिपुर नगरपालिका अक्षांश २७° ३८' ३७" देखि २७° ४१' ३६" उत्तर तथा देशान्तर ८५° १४' ६४" देखि ८५° १८' ००" मा अवस्थित रहेको छ । साथै, यो नगरपालिका उपोष्ण कटिवन्धीय (Subtropical) जलवायु क्षेत्रमा पर्दछ । यो नगरपालिका काठमाडौं उपत्यकामा पर्ने नगरपालिका हो जुन नेपालको प्रमुख पहाडी उपत्यका हो । यस नगरपालिकामा गर्मी याममा अधिकतम २४ देखि ३२ डिग्री सेल्सियस र हिउँदमा ० देखि २ डिग्री सेल्सियससम्म तापक्रम पुग्ने गरेको पाइँछ । यहाँको औसत वार्षिक तापक्रम १७.७ डिग्री सेल्सियस र वार्षिक वर्षा १४७९ मिलिमिटर रहेको छ । (Climate-Data .org, 2020)

मल्ल कालदेखि नै कला र संस्कृतिबाट धनी हुँदै आएको यस कीर्तिपुर नगरले आधुनिक नेपालको निर्माण गर्ने क्रममा हरेक पाईलामा भाग लिंदै आईरहेको छ । अर्कोतिर प्रत्येक प्रजातान्त्रिक आन्दोलनमा कीर्तिपुरले उल्लेखनिय भूमिका खेल्दै आएको छ । नेवार जातिहरुको मुख्य बसोबास रहेको ऐतिहासिक कीर्तिपुर नगर वि.सं. २०५३ चैत्र १४ गते तत्कालिन आठ गा.वि.स. हरु (लायकु, चिठु बिहार, पालिफल, बाहिरी गाउँ, पाँगा विष्णुदेवी, पाँगा बालकुमारी, चोभार भुतखेल र चम्पादेवी) गाभेर नगरपालिका ऐन, २०४८ अनुसार गठन भएको हो । हाल यस नगरपालिकामा १० वटा वडा रहेको छ । यस नगरपालिकाको कूल क्षेत्रफल १४.७६ वर्ग कि.मी. छ । विक्रम सम्बत २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कीर्तिपुरको कूल जनसंख्या ८१,५७८ जना छन् । जसमा पुरुषको संख्या ४३२३६ (५३ प्रतिशत) र महिलाको संख्या ३८३४२ जना (४७ प्रतिशत) रहेको छ । धार्मिक आस्थाका हिसाबले यस नगरपालिकामा सबैभन्दा धेरै हिन्दु ७६%, बौद्ध १९ %, क्रिस्टियन ३ % र अन्य २.४ % रहेका छन । मातृभाषाका हिसाबले नेपाली बोल्ने ५५ %, नेपालभाषा (नेवारी) २७ %, तामाङ्ग ५ %, मैथली २ % र अन्य रहेका छन । यस नगरपालिकामा जनसंख्याको वितरण १० वर्ष मूनी ११.७ % तथा ७० वर्ष माथि ३.६३ % रहेको छ। त्यसैगरी, लैंगिक अनुपात प्रत्येक १०० महिलाको लागि ११२.८३ पुरुष रहेको छ । यस पालिकामा वैवाहिक स्थितिको आधारमा अविवाहित ३९.४ %, विवाहित ५७.४ %, एकल महिला/पुरुष २.८ % र सम्बन्धविच्छेद भएको ०.२ % रहेको छ । यसैगरी, यस नगरपालिकामा फरक क्षमता भएका व्यक्तिहरु कुल जनसंख्याको १.६ % रहेको छ । यस नगरपालिकाको जनघनत्व ५५२७ तथा २४१५० घरधुरी रहेको छ । साथै, यहाँको समग्र साक्षरता ८८.८% रहेका छ भने पुरुष ९४.९% र महिला ८१.८ % रहेको छ ।

कीर्तिपुर शहर व्यावसायिक रुपले भन्ने हो भने विभिन्न औद्योगिक कलकारखानाको साथै सडक यातायात, बजारको व्यवस्था, खानेपानी, विजुली, सञ्चारका साथै नेपालकै सबै भन्दा पुरानो शिक्षण संस्था त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा पर्दछ। कीर्तिपुर नगरमा कीर्तिपुर लगायत पाँगा, चोभार, भाजंगल, टौदह, ट्याँङ्गला फाँट, चम्पादेवी, नगाउँ, सल्यानस्थान, नयाँ बजार र भत्क्यापाटी आदी प्रमुख स्थान रहेका छन् । यस शहरको अधिकांश भाग कृषि क्षेत्र र जंगलले ढाकेको छ । यस नगरमा सडक तथा गल्लीहरुको स्थितिका बारेमा भन्ने हो भने उल्लेखनिय विकास भएको पाईदैन । जसमा कालो पत्रे सडक ३५ कि.मीं., ग्राभेल सडक ४० कि.मि., कच्ची सडक ३५ कि.मी. रहेको छ । कीर्तिपुर नगरपालिकाले काठमाण्डौ रिङ्गरोडलाई उत्तर पट्टी छोएको छ भने दक्षिणकाली जानेमा एक किलोमिटर भन्दा पनि कम फरकमा रहेको

छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, र बहुसाँस्कृतिक सम्पदाले भरिपुर्ण यस नगरपालिका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका धरोहरले सम्पन्न छ । यहाँका बासिन्दा सबै भन्दा बढि कृषि पेशामा निर्भर रहेको देखिएता पनि अधिकांश ज्याला मजदूरीका अलावा घरेलु उद्योग, पसल-व्यवसाय आदि सञ्चालन गरी जिविकोपार्जन गर्दै आईरहेको पाईन्छ । यो नगर खुल्ला दिसामुक्त, पुर्ण साक्षर र पुर्णखोपयुक्त घोषणा भईसकेको नगरपालिका हो । नेपालकै पहिलो र सबै भन्दा ठूलो विश्व विद्यालय त्रिभुवन विश्वविद्यालय पनि यसै नगरमा पर्दछ भने नेपाल सरकारले घोषणा गरेका आपत्कालीन खुल्ला क्षेत्रहरू मध्य सबै भन्दा ठूलो खुल्ला क्षेत्र (त्रिभुवन विश्व विद्यालय परिसर) पनि यसै क्षेत्रमा रहेको छ ।

**कीर्तिपुर नगरपालिकाको ऐतिहासिक चिनारी तथा नगरपालिकाको नामांकरण**

नेपालको इतिहासमा कीर्तिपुर एउटा आफ्नो छुट्टै अस्तित्वमा अगाडि बढिरहेको ऐतिहासिक नगर हो । नेपालमा सबै भन्दा पहिलो शासक गोपाल वंश हुन, यिनीहरूलाई ग्वाला भनिन्छ । कीर्तिपुरमा ग्वालाहरूको बस्ती हालसम्म पनि विद्यमान छ । ग्वाः पुखुको नामबाट एक छुट्टै पोखरी पाईन्छ । कीर्तिपुर कै एक ग्वालाको गाईबाट पशुपतिनाथ फेला परेको कुरा गोपाल राज-बंशावलीमा उल्लेख छ । यसरी पशुपतिनाथ पत्ता लगाएर ठूलो कीर्ति र देन दिने काम गरेकोले यस क्षेत्रको कीर्ति ठूलो छ भनि कीर्तिपुर नामाकरण गरिएको कीर्तिपुरबासीको धारणा पाइन्छ ।

**कीर्तिपुर नगरपालिकाको कार्यालय देखि वडा कार्यालय सम्मको दुरी ( किलोमिटरमा )**

| क्र.स. | देखि | सम्म | किलो मीटर | पलिकाबाट यातायात सुविधा | |
|---|---|---|---|---|---|
| | | | | १२महिना सुचारु हुने सडक | कैफियत |
| १ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. १ | १ कि.मि. | रहेको | पक्कि |
| २ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. २ | १ कि.मि. | रहेको | पक्कि |
| ३ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ३ | २ कि.मि. | रहेको | पक्कि |
| ४ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ४ | ४ कि.मि. | रहेको | पक्कि |
| ५ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ५ | ३ कि.मि. | रहेको | पक्कि |
| ६ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ६ | ४ कि.मि. | रहेको | पक्कि |
| ७ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ७ | २ कि.मि. | रहेको | पक्कि |
| ८ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ८ | २ कि.मि. | रहेको | पक्कि |
| ९ | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. ९ | १.५ कि.मि. | रहेको | पक्कि |
| १० | कीर्तिपुर नगरपालिकाको कार्यालय | वडा नं. १० | १ कि.मि. | रहेको | पक्कि |

**राजनैतिक अवस्थिति**

कीर्तिपुर नगरपालिका बागमति प्रदेश अर्न्तगत काठमाण्डौ जिल्लामा अवस्थित छ । नेपालको संविधानमा भएको व्यवस्थानुसार वि.सं २०५३ चैत्र १४ गते तत्कालिन आठ गा.वि.स. हरु (लायकु, चिठु बिहार, पालिफल, बाहिरी गाउँ, पाँगा विष्णुदेवी, पाँगा बालकुमारी, चोभार भुतखेल र चम्पादेवी) गाभेर नगरपालिका ऐन, २०४८ अनुसार गठन भएको हो । हाल यस नगरपालिकामा १० वटा वडा रहेको छ । यो नगरपालिका काठमाडौं जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजन अन्तर्गत १० वटा निर्वाचन क्षेत्रहरु मध्ये १० औ. नम्बर क्षेत्र हो भने प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचनहरु क्षेत्र मध्ये "क" मा पर्दछ ।

**धरातलीय अवस्था**

कीर्तिपुर नगरपालिका काठमाडौं उपत्यकामा पर्ने नगरपालिका हो जुन नेपालको प्रमुख पहाडी उपत्यका पनि हो । यस नगरपालिकाको धेरै जस्तो भाग समथल भूमि रहेको छ भने केहि भागहरु चम्पादेवी डाँडाको भिरालो प्रकृतिमा पनि अवस्थित रहेको छ । कीर्तिपुरको मुख्य वस्ती तथा चोभार डाँडा माथि अवस्थित रहेको छ ।

**जनसंख्याको अवस्था**

यस नगरपालिकाको क्षेत्रफल १४.७६ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्या २४१५० रहेको छ भने कूल जनसंख्या ८१,५७८ जना छन् । जसमा पुरुषको संख्या ४३२३६ (५३ प्रतिशत) र महिलाको संख्या ३८३४२ जना (४७ प्रतिशत) रहेको छ । यो पूर्ण साक्षर घोषणा भएको पालिका हो । यहाँका अधिकांश मानिसहरु हिन्द् धर्म मान्दछन् । यस नगरपालिकामा बोलिने मुख्य भाषाहरुमा अधिकांशले बोल्ने स्थानीय नेवारी भाषा र नेपाली भाषा हुन् । यस नगरपालिकामा नेवारजातिको वाहुल्यता रहेको पालिका हो ।

**वडागत जनसंख्या विवरण तथा क्षेत्रफल**

| वडा नं. | पुरुष | महिला | जम्मा | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | ३३७७ | ३००२ | ६३७९ | ०.४५ |
| २ | ४२१७ | ३८०८ | ८०२५ | ०.५५ |
| ३ | २६३२ | २६१७ | ५२४९ | ०.३० |
| ४ | ५४९९ | ५४५१ | १०९५० | ३.४१ |
| ५ | ६३१५ | ५४४५ | ११७६० | १.२४ |
| ६ | ५५६९ | ५३१३ | १०८८२ | ४.८७ |
| ७ | ३२४९ | २४४२ | ५६९१ | ०.३४ |
| ८ | २०३४ | १७१८ | ३७५२ | ०.२३ |
| ९ | ४९९६ | ४११२ | ९१०८ | १.७६ |
| १० | ५३५९ | ४४२३ | ९७८२ | १.५७ |
| **जम्मा** | **४३२४७** | **३८३३१** | **८१५७८** | **१४.७६** |

श्रोत : राष्ट्रिय जनगणना २०७८

**जलवायु :**

यस कीर्तिपुर नगरपालिकामा गर्मी याममा अधिकतम १४ देखि ३२ डिग्री सेल्सीयस र उिँदमा न्यूनतम ० देखि २ डिग्री सेल्सीयससम्म तापक्रम पुग्ने गरेको पाइन्छ । यहाँको औसत वार्षिक तापक्रम १७.७ डिग्री सेल्सियस र वार्षिक वर्षा १४७९ मिलिमिटर रहेको छ । (Climate-Data .org, 2020) । मनसुनी वर्षाको प्रभावले सामान्यतया असार देखि आश्विनसम्म कुल वर्षाको ८० प्रतिशतसम्म वर्षा हुने गर्दछ । समुन्द्र सतहबाट १२८४ देखि १५२४ मीटरको उचाईमा रहेको छ । यो नगरपालिका उष्ण कटिवन्धीय (Subtropical) उच्चभुमिको जलवायु क्षेत्रमा पर्दछ । यस क्षेत्रमा चार स्पष्ट ऋतुहरु अनुभव गर्दछ : बसन्त, गर्मी, शरद र जाडो  तापमानको विश्लेषण गर्दा विभिन्न कीटजन्य रोगहरु जस्तै इन्फ्लुइञ्जा, डेगीं, मलेरियाको लागि उपयुक्त तापमान रहेको छ ।

**नगरपालिकाको वर्षा सम्बन्धी विवरण :**

| क्र.सं. | महिना | औषत वर्षा (मि.मि.) | कैफियत |
|---|---|---|---|
| १ | जनवरी (पौष/माघ) | ० | २०८१ |
| २ | फेब्रुअरी (माघ/फाल्गुण) | ०.५ | २०८१ |
| ३ | मार्च (फाल्गुण/चैत्र ) | ५ | २०८१ |
| ४ | अप्रिल (चैत्र/बैशाख) | १४ | २०८१ |
| ५ | मे (बैशाख/जेठ) | ३२ | २०८२ |
| ६ | जुन (जेठ/अषाढ) | ५७ | २०८१ |
| ७ | जुलाई (अषाढ/श्रावण) | १५५ | २०८१ |
| ८ | अगस्ट (श्रावण/भाद्र) | २९७ | २०८१ |
| ९ | सेप्टेम्वर (भाद्र/आश्विन) | ३३५ | २०८१ |
| १० | अक्टोवर (आश्विन/कार्तिक | ५५ | २०८१ |
| ११ | नोभेम्बर (कार्तिक/ मंसिर) | १८ | २०८१ |
| १२ | डिसेम्बर (मंसिर/पौष) | ६ | २०८१ |

**श्रोतः जलवायु तथा मौषम विज्ञान विभाग तथ्यांक-२०८१**

जल तथा मौसम विज्ञान विभागद्वारा जारी गरिएको मनसुन ऋतुको हावापानी आँकलन अनुसार १८ जेष्ठ देखि १४ असोज, २०८२ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकाँश स्थानमा सरदर भन्दा बढि वर्षा हुने सम्भावना रहेको छ । यस वर्ष वागमती प्रदेशको उत्तरी भू-भागमा सरदर भन्दा वढी वर्षा हुने संभावना ४५% देखि ५५% रहेको छ । त्यसैगरी, अधिकतम तापक्रमको आँकलन अनुसार बागमती प्रदेशको मध्य भू-भागमा सरदर भन्दा बढी अधिकतम तापक्रम रहने संभावना ५५% देखि ६५% रहेको छ । यही अवधिमा न्यूनतम तापक्रम देशभर सरदर भन्दा बढी हुने

सम्भावना रहेको आँकलन गरिएको छ । बागमती प्रदेशको अधिकाँश मध्य भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी अधिकतम तापक्रम रहने संभावना ३५% देखि ४५% रहेको छ ।

**नदिनाला र ताल तलैयाः**

यस कीर्तिपुर नगरपालिमा मुख्य तया दुईवटा नदीहरु रहेका छन जसमा बागमाति नदि र बल्खुखोला जुन जलश्रोतको हिसावले मझौला र सानास्तरका नदीहरु रहेका छन् ॥ यी नदीहरुमा सिचाईको सम्भावना खासै रहेको पाईदैन । यस नगरपालिकामा सिमसारको रुपमा टौडह मूख्य रुपमा रहेको छ जहाँ जाडो याममा साईवेरिया देखि चराहरु आएर बस्ने गरेको पाईन्छ ।

| क्र.सं. | नाम | अवस्थिति | किसिम |
|---|---|---|---|
| १ | वागमति नदि | वडा नं ६, ७, १० | ठुला |
| २ | बल्खु खोला | वडा नं. १, २, ३,४ | साना |
| ३ | टौदह | वडा नं ६ | |
| ४ | बोसन खोला | वडा नं. ४, ५, ६ | साना |

**कीर्तिपुर नगरपालिकामा हाल संचालनमा रहेका मुख्य सडकहरुको विवरण :**

| **क्र.स.** | **सडकको नाम** | **अनुमानित लम्बाई कि.मी.** | **स्थान** |
|---|---|---|---|
| १ | कीर्तिपुर-चक्रपथ | २.७५ | वडा नं. १, २, ३, १०, र ९ |
| २ | कीर्तिपुर-पाँगा | २ | वडा नं. ९ र ८ |
| ३ | पाँगा-चोभार | २ | वडा नं. ५,६र ७ |
| ४ | कीर्तिपुर-नयाँपाटि | ३ | वडा नं. ९ र ५ |
| ५ | कीर्तिपुर-टौदह | ५ | वडा नं. ९,१० र ६ |
| ६ | कीर्तिपुर-सिता पेट्रोल पम्प | २ | वडा नं. १ र १० |
| ७ | कीर्तिपुर-मैत्रीनगर | २ | वडा नं. १, २ र १० |

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । सवैधानिक व्यवस्था कार्यान्वयन गर्न संध, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना अन्तर्गत गठन गरी क्रियाशील रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेका हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। यस कीर्तिपुर नगरपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन । यस नगरपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा आवश्यक देखिएको छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरुप यस कीर्तिपुर नगरपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

## १.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

यस कीर्तिपुर नगरपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलार्य प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

क) विपद् प्रतिकार्यका लागि विषयगत क्षेत्रहरुको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,
ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरुको पहिचान र अद्यावधिक गर्नु,
ग) विपद्को लेखाजोखा, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क संकलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,
घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरु तय गर्नु, र
ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध श्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन, प्रक्षेपण र प्रबन्ध गर्नु ।

## १.४ योजना निमार्ण प्रक्रिया  विधि

विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०७६ ले स्थानीय निकायको विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगत क्षेत्रको सहभागितामा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ । सोहि व्यवस्था अनुसार कीर्तिपुर नगरपालिकाकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ ।  विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्वन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छ। कीर्तिपुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नका लागि तल उल्लेख गरिए बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिएको थियो ।




**कीर्तिपुर नगर विपद् व्यवस्थापन समितिको बैठक**

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नको लागि नगर विपद् व्यवस्थापन समितिको २०८२ जेष्ठ २६ गते बैठकको आयोजना गरिएको थियो । उक्त बैठकले योजना तयारीको लागि आवश्यक सात बटा विषयगत क्षेत्रहरुको निर्धारण गरिएको थियो ।

१. आपतकालिन सचार, समन्वय खोज तथा उद्धार
२. कृषि तथा खाद्य सुरक्षा
३. स्वास्थ्य तथा पोषण
४. खानेपानी तथा सरसफाइ
५. आपत्कालिन शिबिर व्यवस्थापन, गैर खाद्य सामाग्री तथा शिघ्र पुर्नलाभ
६. संरक्षण तथा सामाजिक सुरक्षा
७. आपत्कालीन शिक्षा

**ख) वडास्तरीय परामर्श बैठक**

कीर्तिपुर नगरपालिका अन्तर्गत रहेका १० वटा वडा कार्यालयमा २७ देखि ३० जेष्ठ २०८२ सम्म वडाहरुमा परामर्श बैठकहरुको आयोजना गरी वडामा विगतमा घटेका प्रमुख विपद्का घटनाहरु तथा सोबाट भएको क्षतिको विवरणहरु एवंम उक्त वडामा रहेका प्रमुख प्रकोपहरुको विवरणहरु संकलन गर्ने कार्य गरिएको थियो । साथै, उक्त वडाहरुमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि भएका योजनाहरु तथा सामग्रीहरुको सूची संकलन गरिएको थियो ।

**ग) विषयगत क्षेत्रहरुको बैठक**

निर्धारित विषयगत क्षेत्रहरु अन्तर्गत सरोकारवालाहरुको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनामा गतिविधिहरु उक्त क्षेत्रहरुसंग सम्बन्धित रही श्रौतहरुको आँकलन, आवश्यकताको लेखाजोखा आदी विषयवस्तुहरुमा छलफल गर्नको लागि  विपद् व्यवस्थापन शाखाको अगुवाईमा ०८ असाढ २०८२ का दिन बैठकको आयोजना गरिएको थियो ।

**घ) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार**

विषयगत क्षेत्रहरुको छलफल र दोस्रो श्रोतहरुबाट उपलब्ध तथ्याङ्क/सूचनाहरुको संकलन गरि सोको विश्लेषण एवं संशलेषण गरी यस कीर्तिपुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरिएको थियो ।

**ङ) पृष्ठपोषण संकलन र अन्तिम मस्यौदा तयारी**

पाचौं चरणमा तयार गरिएको नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा उपर २०८२ असाढ १२ गते नगर विपद् व्यवस्थापन समिति, विभिन्न सरोकारवाला निकाय, संघ संस्था र व्यक्तिहरू साथै विपद्सँग सरोकार राख्ने सरोकारवालाहरु माझ मस्यौदा प्रस्तुतीकरण गरियो । साथै त्यसै कार्यक्रममा छुटेका सुचना तथा तथ्यांकहरुलाई सुनिश्चीत गर्ने र सोही कार्यक्रममा उक्त योजनामा आएका सुझाव तथा सल्लाहहरुलाई समावेश गर्ने भन्ने अनुरुप स्थानीय विपद् व्यवस्थापन समितिको बैठक मार्फत अनुमोदन पनि गरियो ।

**योजनाको सीमा :**

यो योजना तर्जुमा गर्दा सहभागितामूलक प्रकृयाका माध्यमबाट गरिएको छ । यस प्रक्रियामा स्थानीय विपद् व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरु, पालिका स्थित विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत राष्ट्रिय गैह्रसरकारी संस्थाका प्रतिनिधि, आमसञ्चार माध्यममा कार्यरत पत्रकारहरुको सहभागिता रहेको थियो । तर योजना तर्जुमा गर्दा देखिएका केही सीमाहरु निम्न अनुसार छन् ।

- तथ्याङ्क संकलनको क्रममा विगतका वर्षहरुमा भएका विपद्का घटनाहरु तथा त्यसबाट भएको क्षतिको सम्पूर्ण यथार्थ विवरण प्राप्त गर्न कठिनाइ भएकोले स्थानीय तहहरुको संकटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनीकरणका गतिविधिहरु निर्धारण गर्दा केही लचकता अपनाइएको छ ।
- यस योजना अन्तर्गत निर्धारण गरिएका गतिविधिहरुको कार्यन्वयनका लागि बढी मात्रामा बाहिरी श्रोतको भर पर्नु पर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनबाट अपेक्षित उपलब्धि प्राप्त नहुन सक्छ ।
- पालिकामा उपलब्ध सिमित स्रोत र साधनबाट विभिन्न प्रकोपहरुबाट हुने क्षति न्यून गर्न तथा विपद्बाट प्रभावित परिवारहरुको आवश्यकतालाई सम्बोधन गर्न चुनौती रहेको छ ।

- यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ पालिकामा रहेका २४,१२५ घरघुरी मध्ये २५० वटा घरघुरी लागि सहयोग गर्न सकिने लक्ष्यका साथ यो योजना तयार गरिएको छ ।

### १.५ योजना कार्यान्वयनका रणनीतिहरु

क) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई नगर विपद् व्यवस्थापन समिति मार्फत नगर कार्यपालिका परिषदबाट अनुमोदन गरेर बैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।

ख) आपत्कालीन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका क्रममा विषयगत क्षेत्रमा रहेका दक्षता, ज्ञान, सीप र विधिको प्रयोगको लागि समन्वयमा जोड दिइनेछ ।

ग) स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनहरुको अधिकतम उपयोग गरी यस योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

घ) आपत्कालीन अवस्थामा प्रतिकार्यका गतिविधिहरुमा एकरुपता ल्याई दोहोरोपन नहुने गरी उपलब्ध श्रोत तथा साधनहरुको सदुपयोग गरी समन्वयत्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका परिवारलाई विषयगत क्षेत्र अवधारणा अनुसार एकद्वार प्रणाली मार्फत मानवीय सहयोग उपलब्ध गराइने छ ।

ङ) योजना तयार भई कार्यान्वयनमा आएपछि नगर विपद् व्यवस्थापन समितिबाट कार्यान्वयनको प्रभावकारी अनुगमन, सुपरीवेक्षण तथा मूल्याकंन गरिने छ ।

च) नगरपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्का कारण संकटासन्नता, क्षमता र जोखिममा आउन सक्ने परिवर्तनलाई मध्यनजर गर्दै प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समिक्षा गरी अध्यावधिक गरिने छ ।

### १.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

**यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा पश्चात निम्न उपलब्धिहरुको अपेक्षा गरिएको छ :**

क) संकटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शाङ्कन तयार हुनेछ,

ख) मानवीय क्षेत्रमा कार्यरत संघ-संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ, विषयगत क्षेत्रहरुको आकस्मिक योजना निमार्ण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ,

ग) विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुर्‍याउन सरल उपायहरु अवलम्बन गर्न सजिलो पार्नेछ,

घ) विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरु वीच समन्वयात्मक संयन्त्रको निर्माण भई विपद्को समय र विपद् पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

ङ) विपद्को समयमा स्थानीय निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढाइने छ ।

### १.७ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । विपद् जोखिम व्यवस्थापनका ३ वटा चरणहरु हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू पर्दछन् दोस्रो चरणमा पुर्वनुमानमा आधारित पुर्वतयारी तेश्रो चरणमा आपत्कालीन प्रतिकार्य जस्मा विपद् पछिको उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निमाणका गतिविधिहरू, राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफलभन्दा विपद् पूर्व न्यूनीकरण र पूर्वतयारीका गतिविधिहरु संचालन गर्न सकिएमा विपद्पश्चात हुने असर ७ गुणाले कम हुन्छ भने मान्यता अध्ययनहरूले देखाएको छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ । तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ । यो योजना मुख्यतः नगरपालिका भित्र हुनसक्ने विभिन्न प्रकोपका घटनाहरु जस्तै : भूकम्प, वाढी, पहिरो, आगलागी, सडक दुर्घटना, महामारी, जनावर आतङ्क, असिना, चटचाङ्ग आदीबाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ ।

## खण्ड-२
## प्रकोप, सकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

### २.१ कीर्तिपुर नगरपालिकाको प्रमुख प्रकोपहरु

विगत ५ वर्षमा यस कीर्तिपर नगरपालिकाको प्रमुख प्रकोपहरुको विश्लेषण गर्दा खेरी भूकम्प, आगलागि, सडक दुर्घटना, पहिरो, महामारी, चटचाङ, बाढि र जनावर आतंङ्क आदी रहेका छन । विशेषत वर्षायाममा विपद् तथा महामारीको कारण स्वास्थ्य जोखिम बढेको देखिन्छ । विभिन्न प्राकृतिक प्रकोप, महामारीजन्य सरुवा रोग तथा किटजन्य रोगहरुले गर्दा नगरपालिकाको ठुलो जनसंख्यामा भाइरल ज्वरो, डेगीं, झाडापखाला, तथा अन्य संक्रामक रोगहरुको जोखिम बढिरहेको छ। सामान्यतया, भूकम्पको जोखिम पुरै नगरपालिकामा रहेको छ भने पहिरोको मध्यम जोखिम विशेष गरेर वडा नं ४ मा रहेको छ । त्यसैगरी, नगरपालिकामा सबै सडकमा सडकपेटी नहुदाँ सडक दुर्घटनाको उच्च जोखिम र आगलागिको न्यून जोखिम पुरै नगरपालिकामा रहेको छ। यस नगरपालिकाको वडा नं. २, ४ र ६ मा बाढीको मध्यम जोखिम रहेको छ । त्यसैगरी, स्वास्थ्य महामारीको हिसावले कोभिड्-१९, मौसमी ईन्फ्लुइन्जा, डेगीं, मलेरियाको मध्यम जोखिम रहेको पाईन्छ भने अन्य महामारीको जोखिम न्यून मात्र रहेको अवस्था छ । तथापी, यस नगरपालिकामा टि.वी. को उच्च जोखिम रहेको पाईएको छ भने सर्पदंशको जोखिम मध्यम रहेको छ। हाल आएर कीटनाशक औषधि/रसायनिक मलको बढदो प्रयोगको कारण खाद्य प्रदुषणको जोखिम मध्यम रुपमा बढिरेको पाईएको छ । विगत एक दुई वर्षको अवस्थालाई केलाउदा वायु प्रदुषण पनि उच्च जोखिमको रुपमा देखिएको अवस्था छ ।

### २.२ विगतका विपद्हरुको ऐतिहास

नगरपालिकाका बिभिन्न क्षेत्र तथा समुदायमा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको हो । जसबाट यस नगरपालिकामा प्रकोपको दोहोरिने प्रवृति तथा यसले गर्ने क्षति तथा असरका बारेमा जानकारी तयार गर्न सकिन्छ । सोही अनुरुप कार्यक्रममा समुदायका जेष्ठ नागरिकहरु वडा कार्यालयसंग सहभागि छलफल तथा अन्तर्क्रिया गरी ऐतिहासिक समय रेखा तयार पारिएको छ जसका आधारमा पालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरिएको छ ।

**प्रकोपको किसिम :- भूकम्प**

| क्र.स. | प्रकोप | साल र महिना | स्थान टोल | वडा नं. | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षति | आर्थिक क्षती | सुचना पुष्टाईका आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प | २०४५, २०६८ | | १ | सामान्य धक्का मात्र महशुस | | | | | |
| २ | भुकम्प | २०७२ | | १ | ०२ बिधालय | ० | ० | ० | ० | |
| ३ | भुकम्प | १९९०, २०४५, २०६५ | | २ | केही घर सामान्य चर्केको, मन्दिरमा क्षति पुगेको | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भुकम्प | २०७२ | | २ | केही घर सामान्य चर्केको, | ० | ० | ० | ० | |
| ५ | भुकम्प | २०७२ | | ३ | १ वटा विद्यालय आशिंक क्षति | ० | ० | ० | ० | |
| ६ | भुकम्प | २०७२ | | ४ | ५००घरघुरी आशिंक क्षति | ० | ० | ० | ० | |
| ७ | भुकम्प | २०७२ | | ४ | २ वटा विद्यालय आशिंक क्षति | ० | ० | ० | ० | |
| ८ | भुकम्प | २०६८ | | ५ | केही घरहरू चर्किएको २ घर भत्किएको | | | | | |
| ९ | भुकम्प | २०७२ | | ५ | ०२ बिद्यालय | ० | १७ | ० | ० | |
| १० | भुकम्प | २०८१ | | ५ | १ घर | ० | ० | ० | ० | |
| ११ | भुकम्प | २०६८ | | ६ | घरहरू चर्किएको | | | | | |
| १२ | भुकम्प | २०७२ | | ६ | १ घर | ० | ० | ० | ० | |
| १३ | भुकम्प | २०७२ | | ७ | ०२ बिधालय | ० | १७ | ० | ० | |
| १४ | भुकम्प | २०८१ | | ७ | १ घर | ० | ० | ० | ० | |
| १५ | भुकम्प | २०६८ | | ८ | घरहरू चर्किएको | | | | | |
| १६ | भुकम्प | २०७२ | | ८ | १० घर आशिंक क्षति | ० | २ | ० | ० | |
| १७ | भुकम्प | २०७२ | | ९ | ५ घर आशिंक क्षति | ० | १ | ० | ० | |
| १८ | भुकम्प | २०७२ | | १० | ४ घर आशिंक क्षति | ० | ३ | ० | ० | |
| १९ | भुकम्प | २०४५, २०६८ | | १० | सामान्य घर क्षती | ० | ० | ० | ० | |

**प्रकोपको किसिम :- वाढी पहिरो**

| क्र.स. | प्रकोप | साल र महिना | स्थान टोल | वडा नं. | भौतिक क्षति | सामाजिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | आर्थिक क्षति | सुचना पुष्टाईका आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वाढी | २०५४ | | १ | बाटो भत्कनुका साथै घरघरमा पानी पसेको थियो | ० | ० | ० | ० | |
| २ | पहिरो | २०५६ | | १ | अरविट कलेज नजिक पहिरो गएको | ० | ० | ० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पानीमा डुवेर | २०८८ | | १ | | ० | ० | ० | ० | |
| ४ | बाढि | २०५०, २०५८ | | २ | ३ घरमा क्षति पुगेको प्लास्टिक उद्योगमा पूर्ण क्षति | ० | ० | ० | ० | |
| ५ | बाढि | २०८१ | | २ | ४० घर डुवान | ० | ० | ० | ० | |
| ६ | बाढि | २०४९, २०५८ | | ३ | जनधनको क्षति, १ घरमा पूर्ण रुपमा क्षति | | | | | |
| ७ | गमला खसेर | २०८२ | | ३ | | ० | १ | ० | ० | |
| ८ | माटो खानी ढिस्को झरेर | २०४८ | | ४ | | २ | ० | ० | ० | |
| ९ | पहिरो | २०३८ | | ४ | ५ घरमा क्षति | ० | ० | ० | ० | |
| १० | बाढि | २०५० | | | खेतीवारी कटान | ० | ० | ० | ० | |
| ११ | खोलामा डुब्बेर मृत्यु | २०५० | | ४ | | ० | ५ | ० | ० | |
| १२ | डुवेको | २०४० | | ५ | | ० | १ | ० | ० | |
| १३ | पहिरो | २०४० | | ६ | नियमित सामान्य पहिरो जाने गरेको | ० | | ० | ० | |
| १४ | पहिरो | २०५९, २०६० | | ६ | चोभार हिमाल सिमेन्ट नजिक पानी जमेर पोखरी बनेकोमा पौडी खेल्दा | ० | ७ | ० | ० | |
| १५ | बाढि | २०६७ | | ६ | घर भत्किएको | ० | १ | ० | ० | |
| १६ | बाढि | २०३९ | | ६ | | ० | १ | ० | ० | |
| १७ | पहिरो | २०५८ | | ६ | ५ घर जोखिममा, खेतियोग्ग जमिनमा असर पुगेकोपाण्डे छापमा | ० | ० | ० | ० | |
| १८ | पहिरो | २०६९ | | ७ | जग्गा जमिन, १४ घर जोखिममा | ० | ० | ० | ० | |
| १९ | रुख ढलेर | २०८० | | १० | ० | ० | १ | ० | ० | |

**प्रकोपको किसिम :- आगलागी**

| क.स. | प्रकोप | साल र महिना | स्थान टोल | वडा नं. | भौतिक क्षति | सामाजिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | आर्थिक क्षति | सुचना पुष्टाईका आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आगलागी | २०७९ | | १ | १ घर | ० | ० | ० | ० | |
| २ | आगलागी | २०६५, २०७६ | | १ | ४ वटा घरमा राखिएका अन्न लत्ता कपडा तथा काठ पराल जलेको | ० | ० | ० | ० | |
| ३ | आगलागि | २०३८ | | ३ | २० घरघुरी पुर्ण क्षति | ० | ० | ० | ० | |
| ४ | आगलागि | २०३७ | | ३ | १ घर पुर्ण रुपमा क्षति | ० | ० | ० | ० | |
| ५ | आगलागि | २०५५ | | ३ | १ घर पुर्ण रुपमा क्षति | ० | ० | ० | ० | |
| ६ | आगलागि | २०५४ | | ४ | ० | ० | २ | सामुदायिक वन | ० | |
| ७ | आगलागि | २०६८ | | ५ | ० | ० | २ | सामुदायिक वन | ० | |
| ८ | आगलागि | २०६५ | | ७ | | ० | १ | ० | ० | |
| ९ | आगलागि | २०४५, २०४८, २०६४, २०६९ | | १० | भौतिक सामग्रीको क्षति, घरमा पूर्ण रुपमा क्षति, कपास उद्योगमा पूर्ण क्षति | ० | ० | ० | ० | |

**प्रकोपको किसिमः- सडक दुर्घटना**

| क.स. | प्रकोप | साल र महिना | स्थान टोल | वडा नं. | भौतिक क्षति | सामाजिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | आर्थिक क्षति | सुचना पुष्टाईका आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सडक दुर्धटना | २०६९ | | १ | ० | २ | ० | ० | ० | वडा कार्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सडक दुर्घटना | २०७९ | | १ | ० | २ | १ | ० | ० | वडा कार्यालय |
| ३ | सडक दुर्घटना | २०७९ | | ३ | ० | १ | २ | ० | ० | वडा कार्यालय |
| | सडक दुर्घटना | २०७० | | ७ | ० | १ | ० | ० | ० | वडा कार्यालय |

**प्रकोपको किसिमः- चट्याङ र कोभिड**

| क्र.स. | प्रकोप | साल र महिना | स्थान टोल | वडा नं. | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षति | आर्थिक क्षती | सुचना पुष्टाईका आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चट्याङ | २०३३ | | ४ | १२ जना घाईते | ० | २ | ० | ० | |
| २ | चट्याङ | २०४० | | ४ | बाख्रा, रूख तथा विद्युत | ० | ० | ० | ० | |
| ३ | कोभिड | २०७९ | | ४ | ० | ० | ७ | ० | ० | |
| ४ | कोभिड | २०७९ | | ५ | ० | ० | ३ | ० | ० | |
| ५ | चट्याङ | २०५०, २०६९ | | ५ | विद्युतिय सामग्रीमा असर | ० | ० | ० | ० | |
| ६ | चट्याङ | २०३८ | | ६ | १ घाईते | ० | ० | ० | ० | |
| ७ | कोभिड | २०७९ | | ७ | ० | ० | ३ | ० | ० | |
| ८ | कोभिड | २०७९ | | ९ | ० | ० | १० | ० | ० | |
| ९ | कोभिड | २०७९ | | १० | ० | ० | ४ | ० | ० | |
| १० | चट्याङ | २०५५ | | १० | ० | ० | १ | ० | ० | |

(स्रोत : कीर्तिपुर नगरकार्यपालिका तथा वडा कार्यालय )

**१ कीर्तिपुर नगरपालिकामा संभावित स्वास्थ्य महामारीको सूची**

(क) एन्फ्लुइञ्जा वा भाईरल ज्वरो (वर्ड फ्लु, स्वाइन फ्ल)
(ख) कोभिड १९ संक्रमण
(ग) डेगीं
(घ) झाडापखाला
(ङ) दादुरा
(च) हैजा
(छ) क्षयरोग
(ज) नसर्ने रोगहरुको सुस्त महामारी ( सुगर, प्रेशर एवं धमनी, श्वासप्रश्वास तथा क्यान्सर)
(

**२.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र**

यस नगरपालिकाका वडा नं ४ का केही बस्ति, कृषि, वन क्षेत्रहरू पहिरोको जोखिममा रहेका छन् । भने बाढी, हावाहुरी, असिना, जंगली जनावर आतंक चट्याङ आगलागि र भुकम्प प्राय सबै वडाहरूमा असर पर्न सक्छ ।,

**२.४ कीर्तिपुर नगरपालिकामा भएका कानुनी तथा संस्थागत व्यवस्था**

कीर्तिपुर नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) का आधार एवं कीर्तिपुर नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

गर्न बनेको ऐन २०७६ अनुसार नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची १ मा संलग्न गरिएको छ।

नगरपालिकामा विपद् ब्यवस्थापन शाखा स्थापना गरिएको छ। यसैगरी, १० वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। साथै, प्रत्येक वडाहरुमा समुदायस्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने पहल पनि भई रहेको छ। नगरपालिकामा विपद् ब्यवस्थापन कोष स्थापना गरिएको छ।

**नगरपालिकास्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन तथा आवश्यक अनुसार मार्गदर्शनहरू बनेका छ**

| क.सं. | प्रतिवेदनको नाम | पुर्व अभ्यासहरु | मुख्य सिकाइ | सुझाव |
|---|---|---|---|---|
| १ | विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन २०७६ | विपद् ब्यवस्थापनका क्षेत्रमा काम गर्न सहयोगी वन्ने | समग्र विपद् ब्यवस्थापन काम गर्न सहज भएको | कार्यान्वयनका लागि थप सहजिकरणको आवश्कता छ। |
| २ | प्रकोप ब्यवस्थापन कोष ( विपद् ) सञ्चालन निर्देशिका २०७८ | | राहत वितरण गर्न सहज भएको | |
| ३ | राहत वितरण मापदण्ड २०७९ | | राहत वितरणमा सहज तथा वास्तविक प्रभावित ले राहत वितरणमा एकरुपता भएको | प्रभावकारी राहत वितरणमा सहयोग गरेको। |
| ४ | भवन निर्माण आचार सहिंता २०७४ | | भवन आँचार सहिता अनुसार नयां सरचना वनाउन पहल गर्नुपर्ने | अनिवार्य प्राविधिकको उपस्थिति हुनु पर्ने |
| ५ | कीर्तिपुर नगरपालिकाको स्वास्थ्य आकस्मिकता योजना २०८० | | संम्भावित महामारीको जोखिमको आधारमा नगर स्वास्थ्य शाखाले क्रियाकलाप सञ्चालन गर्ने | सरोकारवालाहरु सबैलाई सहभागी गराई एकत्रित प्रतिकार्य गर्दा प्रभावकारी हुने |

### २.५ **प्रमुख प्रकोपहरुको पहिचान तथा स्तरीकरण :**

काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका विगत ५ बर्षमा विपद्वाट प्रभावित जनसंख्या तथा धनजनको क्षतिको विवरण कीर्तिपुर नगरपालिका विपद् व्यवस्थापन समिति/विपद् व्यवस्थापन शाखा, वडास्तरिय विपद् व्यवस्थापन समितिवाट संकलन गरिएको छ । विगतका बर्षहरुमा गरिएका कार्यशालाका प्रतिबेदनहरु जसमा साविकका गाविसका आवाधिक योजना कीर्तिपुर नगरपालिकाका सवल पक्षहरु तथा अवसरहरु हुदाँ हुदै पनि विकाससंग सम्वन्धित चुनौतीहरु पनि छन् । यस्ता विकाससंग सम्वन्धित पक्षहरुलाई मानिसहरुले प्राकृतिक विपद्हरुको सामना कसरी गर्छन भन्ने कुरालाई निर्धारण गर्दछन् ।

यस नगरपालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम विश्लेषण नगरस्तरीय विपद् ब्यवस्थापन समितितथा वडास्तरीय विपद् ब्यवस्थापन समितिहरुसंग बैठकको आयोजना गरी अन्तक्रियात्मक छलफलको माध्यमबाट विश्लेषण गरिएको छ । नगरपालिका सवै वडा तथा समुदायमा प्रायगरी सवै प्रकोपहरु मिल्दाजुल्दा छन । तर वडा नं १ मा वाढी, वडा नं २,

५, ७, ८, ९ र १० मा सडक दुर्घटना वडा नं. ३ आगलागि वडा नं. ४ तरकारी बारीमा विषादीको प्रयोग वडा नं. ६ मा पहिरो तथा खोला कटान एक नम्वरको प्रकोपमा रहेका छन भने समस्याहरु पनि सबै वडाहरुमा लगभग उस्तै उस्तै खालका देखिएका छन भने वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको आधारमा गरिएको समुदायसंगको छलफल तथा सुचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा १० वटै वडामा सहभागितामुलक प्रकोप स्तरीकरण गर्दा वडागत रुपमा फरक फरक रुपमा प्रकोप देखिन गएका छन । वडागत रुपमा प्रकोप स्तरीकरण अनुसार सडक दुर्घटना प्रमुख प्रकोपको रुपमा देखिएको छ । गत वर्ष वाढी प्रमुख प्रकोप रुपमा रही ठुलो रुपलिएको थियो भने यो वर्ष पहिरो र बाढी मुख्य प्रकोपका रुपमा रहन गएको छ । साथै पालिकामा रहेका प्रकोपलाई  निम्नानुसार स्तरीकरण गरिएको छ ।

**नगरपालिकामा रहेका प्रमुख प्रकोपहरु :**

यस नगरपालिका अर्न्तगत रहेका प्रमुख प्रकोपहरु र त्यसको प्राथमिकतालाई हेर्दा पहिलो भुकम्प, दोश्रा आगलागि र तेश्रो बाढी रहेको छ । त्यसैगरी,  सडक दुर्घटना, हावाहुरी, पहिरो, जगली जनावर चट्याङ क्रमशः चौथो, पाँचौं र छैठौं, प्राथमिकतामा राखिएका छन् ।

**कीर्तिपुर नगरपालिकाको प्रकोप स्तरीकरण**

| प्रकोप | आगलागि | बाढी | पहिरो | सडक दुर्घटना | चटचाङ | हावाहुरी | जनावर आतंक |
|---|---|---|---|---|---|---|---|
| आगलागि | | आगलागि | आगलागि | आगलागि | आगलागि | आगलागि | आगलागि |
| बाढी | | | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | | सडक दुर्घटना | पहिरो | हावाहुरी | पहिरो |
| सडक दुर्घटना | | | | | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| चटचाङ | | | | | | हावाहुरी | जनावर आतंक |
| हावाहुरी | | | | | | | हावाहुरी |
| जनावर आतंक | | | | | | | |
| जम्मा अंक | ६ | ५ | २ | ४ | ० | ३ | १ |
| स्तरिकरण | पहिलो | दोश्रो | पाचौं | तेश्रो | सातौं | चौथौं | छटौं |

**वडामा रहेका प्रमुख प्रकोपहरु :**

नगरपालिकाका सवै वडा तथा समुदायमा प्रायगरी सवै प्रकोपहरु मिल्दाजुल्दा छन । तर वडा नं १ मा वाढी, वडा नं २, ५, ७, ९ र १० मा सडक दुर्घटना, वडा नं. ३ र ८ मा आगलागि, वडा नं. ४ मा तरकारी वारीमा प्रयोग हुने विषादी वडा नं. ६ मा पहिरो तथा खोला कटान एक नम्वरको प्रकोपमा रहेका छन ।

**कीर्तिपुर नगरपालिका वडा नं १ देखि १० सम्म गरिएको प्रकोप स्तरिकरण**

| वडा नं. | वडास्तरीय विपद् व्यवस्थापन समितिद्धारा वडास्तरीय प्रकोप पहिचान तथा स्तरीकरण जोडा विधि मार्फत | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | बाढी | सडक दुर्घटना | हावाहुरी | आगलागि | महामारी | |
| २ | सडक दुर्घटना | बाढि | पहिरो | आगलागि | हावाहुरी | |
| ३ | आगलागि | सडक दुर्घटना | वाढि खोला कटान | हावाहुरी | | |
| ४ | बिषादी | बाढी | सडक दुर्घटना | आगलागि | पहिरो | जगलीजनावर |
| ५ | सडक दुर्घटना | हावाहुरी | आगलागि | पहिरो | महामारी | |
| ६ | पहिरो खोला कटान | बाढि | सडक दुर्घटना | आगलागि | जनावर आतंक | चट्याङ |
| ७ | सडक दुर्घटना | हावाहुरी | आगलागि | पहिरो | महामारी | |
| ८ | आगलागि | सडक दुर्घटना | जिर्णभवन | माहामारी | चट्याङ | |
| ९ | सडक दुर्घटना | आगलागि | महामारी | | | |
| १० | सडक दुर्घटना | आगलागि | पहिरो | महामारी | | |

### ३.६ बिपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण

नगरपालिकाको विपद् जोखिमलाई विश्लेषण गर्दा नगरपालिकाको संकटासन्नतालाई स्तरीकरण गरेर हेरिएको छ उक्त संकटासन्नता विश्लेषणको आधारमा १, ४ र ६ वडाहरु बाढी पहिरोको उच्च जोखिममा रहेका छन् भने सडक दुर्घटनाका आधारमा हेर्दा सबै वडाहरु समान रुपमा जोखिम रहेका छन २, ३, ७, ८, ९ र १० वडाहरु मध्यम जोखिममा रहेका छन् । बिगतमा घटेका घटनाहरु त्यसबाट भएको मानवीय तथा भौतिक क्षतिलाई स्तरीकरणको आधार मानिएको छ ।

विगत वर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली तथा घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध श्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्धेश्यले बिभिन्न समयमा गरिएको संकटासन्नता तथा क्षमता विश्लेषण प्रतिबेदनबाट निम्नानुसारको जोखिम विश्लेषण गरिएको छ :

क) विभिन्न प्रकोपका कारण यस नगरपालिकाको उच्च संकटासन्न घरपरिवारहरु प्रत्यक्ष रुपमा प्रभावित हुन सक्ने अनुमान गरिएको छ

ख) विपद्को समयमा सार्वजनिक पुर्वाधारहरुको क्षति हुनाले आवागमन अवरुद्ध भएको अवस्था हुनेछ ।

ग) सुचना प्रसारण प्रविधिहरु पनि सो समयमा आवरुद्ध हुन सक्नेछन् । सुचना संकलनमा कठिनाई हुनेछ जसले गर्दा प्रभावितहरुको प्रारम्भिक बिवरण प्राप्त गर्न समेत अप्ठ्यारो पर्नेछ ।

घ) राहत उद्धार कार्यमा एक रुपता ल्याउन निकै समस्या हुनेछ । उद्धार तथा प्रतिकार्यमा ढिलाइ हुनेछ । सेवा तथा श्रोतमाथि अधिकाँश प्रभावितहरुको पहुँच नभएको अवस्था हुनेछ ।

